नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
मानव बेचबिखन अनुसन्धान ब्यूरो
(अ.अ. तथा कारवाही शाखा)

फोन: ०१-४२३९५६९, ०१-४२३९७६३

बबरमहल, काठमाण्डौ

पत्र संख्या:०७७।०७८ | च.नं. | मिति: २०७७।०५।२४ गते।

प्रा.प.सं. :

**बिषय:- <u>"फरार अभियुक्तहरुको खोजि तथा पक्राउ"।</u>**

**<u>केशको बिबरण :-</u>**

परिवर्तित नाम बबरमहल ५४ र ५५ लाई मिति २०७६ साल श्रावण महिनामा अमेरिका लैजाने भनि काठमाण्डौबाट मलेसिया हुंदै फिलिपीन्सको मनिला सम्म पुऱ्याई रकम समेत (रू.४१,६००००) ठगी गरी शारिरीक तथा मानसिक यातना समेत दिई बन्धक बनाई राखेको अवस्थामा नेपाल फर्कन सफल भएकोमा निज पिडितहरुले यस कार्यालयमा आएर आफू बेचबिखनमा परेकोले दोषी पक्राउ गरि कारबाही गरिपाँउ भनि मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार जाहेरी दरखास्त दिएकोमा तत्काल मुद्दा दर्ता गरिएकोमा मानव वेचबिखन तथा ओसारपसार मुद्धामा मिति २०७७।०४।२९ गते सतिश बर्तौला पक्राउ परि अनुसन्धान भई रहेकोमा उक्त घटनामा संलग्न निम्न ब्यक्तिहरुको खोज तलास गर्ने क्रममा यस व्यूरोबाट खटिएको टोलीले मिति २०७७ भाद्र २२ र २३ गते निम्न बमोजिम प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम अनुसन्धान कार्य भैरहेको जानकारी गराइन्छ।

**<u>प्रक्राउ प्रतिवादीहरु:</u>**



१) जि. ललितपुर साविक ललितपुर उपमहानगरपालिका वडा नं. ७ हाल ललितपुर उपमहानगरपालिका वडा नं. ७ बस्ने राधा कृष्ण महर्जनका छोरा बर्ष ३२ को रवि भन्ने रिकेश महर्जन।



२) जि. काभ्रेपलान्चोक साविक दाप्चा काशीखण्ड नगरपालिका वडा नं. १३ हाल नमोबुद्ध नगरपालिका वडा नं. ९ बस्ने लक्ष्मण लामाको छोरी बर्ष २२ की कमला लामा।

**<u>नोट:-</u>**

सूचनाको स्रोत खुलाउनु पर्दा नाम नखुलाई सो को सट्टामा "**मानव बेचबिखन अनुसन्धान व्युरो प्रवक्ता**" भनेर प्रेस रिलिज गरीदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिएको छ।

**<u>कानुनी प्रावधान</u>**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान तथा कारवाही हुने।

**<u>थप जानकारीको लागी</u>**

प्रवक्ता / सूचना अधिकारी : प्र.ना.उ. ढुण्डीराज न्यौपाने (९८५१२८१२१०)

Website: https://www.nepalpolice.gov.np E-mail:ahtb@nepalpolice.gov.np